# मध्यनेपाल नगरपालिकाको विकासको दीर्घकालिन सोंचपत्र २०७४

## दीर्घकालिन सोच

- मध्यनेपालको समृद्धीको आधार : शिक्षा,कृषि,पर्यटन र पूर्वाधार
- हाम्रो मध्यनेपाल राम्रो, भव्य सभ्य र समृद्ध मध्यनेपालज्ञत्र

**उद्धेश्य :** सहभागितामूलक दीगो विकासको माध्यमबाट मध्यनेपाल नगरबासिमा समृद्धी ल्याउने ।

- समन्यायमा आधारित समतामूलक मध्यनेपाल निर्माण गर्ने ।
- सबै नगर बासीमा माया र न्यायको अनूभूति दिलाउने ।
- स्रोत र साधनको न्यायोचित वितरण तथा विनियोजन पारी उच्च ,दिगो र फराकिलो आर्थिक बृद्धि हाँसिल गर्ने ।

## समष्टीगत नीतिहरु

## समष्टीगत आर्थिक नीति

- नगरबासीमा रहेको पूजि परिचालन गरी सबल र सक्षम मध्यनेपाल नगरपालिका निर्माण गर्ने ।
- सार्वजनिक ,नीजि र सहकारी मार्फत पूजि परिचालन गरी आर्थिक बृद्धीलाई संस्थागत गर्ने ।
- नगरबासीमा बचत गर्ने बानिको विकास गर्ने ।
- विप्रेशण आयलाई उत्पादनशिल क्षेत्रमा लगानी गर्ने ।
- सार्वजनिक खर्चको न्यायोचित र उत्पादनमूलक विनियोजन तथा कार्यान्वयन गरिने छ ।
- सार्वजनिक स्रोत र साधनलाई नतिजामुखी तुल्याउँदै दक्षतापूर्वक परिचालन गरिने छ ।
- आन्तरिक स्रोतको परिचालन बाट वित्तिय सबलीकरण र आर्थिक स्थायित्व कायम गरिने छ ।
- स्वच्छ ,तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास र स्वेच्छीक कर सहभागितालाई संस्थागत गरिने छ ।
- नगरपालिकाको हित र प्राथमिकतालाई  पुरा गर्न अन्तराष्ट्रका नगरपालिका सँग भगिनि सम्बन्ध विस्तार गरिने छ ।
- राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संस्थालाई विकासका साझेदारका रुपमा ग्रहण गर्दै तिनिहरुको उचित नियमन गरिने छ ।
- नगर क्षेत्रमा कृषि बिमा कार्यक्रमलाई संस्थागत गरिने छ ।
- उत्पादनशिल क्षेत्रमा बैदेशिक लगानी आकर्षित गरिने छ ।

## समष्टिगत कृषि नीति

- ❖ नगरपालिकामा कृषि क्षेत्रको दीगो र व्यवसायिक विकास द्धारा कृषि क्षेत्रलाई प्रतिश्प्रर्धी ,आत्मर्निभर र व्यवसायिक बनाईने छ ।
- ❖ कृषिको व्यवसायिकरण,आधुनिकिकरण,वैज्ञानिकिरण र विविधिकरण गरिने छ ।
- ❖ कृषि उत्पादन र उत्पादकत्व बृद्धी गरिनेछ ।
- ❖ स्थानीय बालीनाली र खाध्य बस्तुको उत्पादनमा जोड दिईने छ ।
- ❖ वातावरण मैत्री कृषि उत्पादनमा जोड दिईने छ ।
- ❖ दीगो कृषि विकासको लागि आवश्यक कृषक मैत्री र कृषक केन्द्रित नीति नियम तर्जुमा गरिने छ ।
- ❖ कृषि ऋण , कृषि र पशु बिमाको व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।
- ❖ स्थानिय कृषि उत्पादनको बजारीकरण गरी आय आर्जनमा जोड दिइने छ ।
- ❖ कृषि सहकारीको उत्थान,विकास र विस्तारमा जोड दिइने छ ।
- ❖ सम्पूर्ण कृषि योग्य भूमिमा सिञ्चाईको व्यवस्था गरिने छ ।
- ❖ कृषि योग्य भूमिको खण्डीकरण हुन दिईने छैन ।

## समष्टिगत वन तथा भू संरक्षण नीति

- ❖ दीगो वन व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादनमा बृद्धी गरिने छ ।
- ❖ सामुदायिक वन तथा कबुलियती समुदायमा आधारित वन विकास गरिने छ ।
- ❖ वन पैदावरको व्यवसायिकरण गरिने छ ।
- ❖ जडीबुटी प्रशोधन केन्द्र स्थापनामा जोड दिईने छ ।
- ❖ बढदो वन्य जन्तु अपराधलाई शुन्य शहनशिलताको अवधारणा अपनाईने छ ।

## उद्योग र पर्यटन सम्बन्धी समष्टीगत नीति

- ❖ मध्यनेपाल नगर कार्यपालिकाको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बृद्धी गरिने छ ।
- ❖ उद्योग क्षेत्रमा स्वदेशी र विदेशी लगानीलाई प्रोत्साहित गरिने ।
- ❖ औद्योगिक वस्तुहरुको उत्पादन गरी अन्य नगरपालिका तथा गाउँपालिकामा निर्यात गरिने छ ।
- ❖ उद्योगलाई आवश्यक पर्ने विधुत तथा उर्जाको व्यवस्था गरिने छ ।
- ❖ "एक वडा एक विशेष उत्पादन" भन्ने नारालाई व्यवहारमा लागू गरिने छ ।

- ❖ श्रममूलक ,निर्यात जन्य र आयात प्रतिस्थापन हुने उद्योगको स्थापना र सञ्चालनमा जोड दिईने छ ।
- ❖ **“आर्थिक समृद्धीको आधार पर्यटनको विकास”** भन्ने नारालाई व्यवहारमा लागू गरिने छ ।
- ❖ पर्या पर्यटन (Eco - Tourism) मा जोड दिईने छ ।
- ❖ ग्रामिण पर्यटनमा जोड दिईने छ ।
- ❖ कृषि पर्यटनमा जोड दिईने छ ।
- ❖ नगरपालिकालाईआकर्षक र सुरक्षित गन्तव्य स्थलको रुपमा विकास गरिने छ ।
- ❖ धार्मिक र सांस्कृतिक पर्यटनमा जोड दिईने छ ।
- ❖ राम्रो ,गुणस्तरिय ,स्वच्छ र सुरक्षित खाना, खाना र बस्नको लागि स्तरिय होटल सञ्चालन गरिने छ ।

## समष्टिगत शिक्षा नीति

- ❖ नगर कार्यपालिका भित्र बसोबास गर्ने सबै नागरिकलाई जीवनोपयोगी शिक्षा प्रदान गरिने छ ।
- ❖ नगरपालिकाको आवश्यकता अनुसार गुणस्तरिय व्यवसायिक र सिपमूलक शिक्षा प्रदान गरिने छ ।
- ❖ शैक्षिक प्रशासनमा निरन्तर सुधार गरिने छ ।
- ❖ उच्च शिक्षालाई पहुँच योग्य, प्रतिश्प्रर्धी र अनुसन्धानमूलक बनाईने छ ।
- ❖ सार्वजनिक र नीजि तहबाट प्रदान गरिने शिक्षा बिचको गुणस्तरमा रहेको अन्तर घटाईने छ ।
- ❖ प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिईने छ ।
- ❖ शिक्षामा देखिएको राजनीतिकरण बन्द गरिने छ ।
- ❖ औपचारिक र अनौपचारिक साथै बाल शिक्षा, बुहारी शिक्षा र प्रौढ शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।

## स्वास्थ्य सम्बन्धी समष्टिगत नीति

- ❖ गुणस्तरिय स्वास्थ्य सेवामा सबै नगरवासीको पहूँच पुऱ्याईने छ ।
- ❖ पोषणयुक्त खानेकुराको सम्बन्धमा जनचेतना फैलाइने छ ।
- ❖ खोप कार्यक्रम र नि : शुल्क औषधि वितरण कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
- ❖ परिवार नियोजन र मातृ स्वास्थ्यमा जोड दिईने छ ।
- ❖ दुई सन्तान ईश्वरको वरदान भन्ने मान्यतालाई संस्थागत गरिने छ ।
- ❖ सबै वडामा स्वास्थ्य चौकी स्थापना गरिने छ ।

❖ सर्ने र नसर्ने रोगको रोकथाम गर्न उचित पहल गरिने छ।
❖ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

## अन्य समष्टिगत नीतिहरु

❖ मानव अधिकार ,मौलिक अधिकारको संरक्षण ,सम्बर्धन र प्रबर्धन गरिने छ।
❖ बालबालिका र किशोर किशोरीको उत्थान र प्रगतिको मार्ग प्रशस्त गरिने छ।
❖ हिंसा रहित नगरको निर्माण गरिने छ।
❖ नगर सुशासनमा जोड दिईने छ।
❖ मानव बेचविखन र बाल शोषणको अन्त्य गरिने छ।
❖ जेष्ठ नागरिकको जीवन यापन ,संरक्षण र सम्मानको स्थितिको सृजना गरिने छ।
❖ अपाङ्ग (फरक क्षमता ) व्यक्तिको आत्मसम्मान गर्दै उचित रोजगार मूलक कार्यक्रम मार्फत आत्म निर्भर बनाईने छ।
❖ नगरपालिका स्वयंसेवी भावनाको विकास गर्न उचित कार्यक्रम ल्याईने छ।
❖ खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाईने छ।
❖ नगर विकासमा युवा सहभागितामा जोड दिईने छ।
❖ जल विधुतको उत्पादन क्षमता बढाई लोड सेडिङ्गको अन्त्य गरिने छ।
❖ नविकरणिय उर्जामा जोड दिईने छ।
❖ सबै वडामा Internet networkविस्तार गरिने छ।
❖ भवन संहिताको प्रभावकारी कार्यान्वयन गरिने छ।
❖ लैंगिक समानता ,समावेशीकरण र मूल प्रवाहीकरणमा जोड दिईने छ।
❖ नगरपालिकामा विज्ञान, सूचना र प्रविधिको विकास गरिने छ।
❖ विपत व्यवस्थापन ,दैवि प्रकोप व्स्थापन र द्वन्द्ध व्यवस्थापनमा जोड दिईने छ।
❖ नगर सुशासनलाई संस्थागत गर्न कानूनको शासन (Rule of law) लाई पूर्ण पालना गरिने छ।
❖ नगर विकासको लागि जन सहभागितामूलक विकास गतिविधिलाई प्रोत्साहित गरिने छ।
❖ वित्तिय सुशासनमा जोड दिईने छ।
❖ स्वच्छ,विश्वसनिय र जनसेवामुखी सेवा प्रवाह प्रणाली सहितको कर्मचारी व्यवस्थापनलाई जनमुखी ,उत्साहित र उच्च मनोबलयुक्त बनाईने छ।
❖ कर्मचारीको सपना उत्कृष्ट मध्यनेपालको रचना भन्ने नारालाई संस्थागत गरिने छ।
❖ अनुगमन र मूल्याङ्कनलाई योजनाको सुरु देखि अन्त्य सम्म निरन्तर रुपमा गरिने छ।

- ❖ कृषि उत्पादन बृद्धी र खाध्य सुरक्षामा जोड दिईने छ ।
- ❖ नगरवासीमा पूर्ण रुपमा शान्ति सुरक्षाको प्रत्याभूति दिईने छ ।

## प्राथमिकताका क्षेत्रहरु

- ❖ कृषिको आधुनिकिकरण ,व्यवसायिकरण,यान्त्रिकरण र विविधिकरण गरि आर्थिक वृद्धिको दिगो आधारका रुपमा विकास गरिनेछ ।
- ❖ अत्यावश्यक उपभोग्य वस्तुहरुको सुट्टढ आपूर्ति भण्डारण र वितरण प्रणाली अबलम्बन गरिनेछ ।
- ❖ सबैको लागि न्यायमा समान पहूँचलाई सुनिश्चित गरिनेछ ।
- ❖ दिगो, समावेशी र उच्च दरको आर्थिक वृद्धिमा सुनिश्चित गरिने छ ।
- ❖ समष्टीगत आर्थिक स्थायित्व कायम गरिनेछ ।
- ❖ राज्यद्धारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच वृद्धी गर्ने ।
- ❖ भुकम्पबाट क्षेतिग्रस्त व्यक्तिगत आवास पुन निर्माणको लागि निर्माणको प्रगतिको आधारमा दोस्रो र तेस्रो किस्ता वितरणको कार्यलाई तिब्रता दिन पहल गरिनेछ । लाभग्राही सूचिमा नपरेका पिडितहरुलाई गुनासो उचित रुपमा सम्बोधन गरिनेछ । साथै भूकम्प प्रतिरोधि भवन निर्माणमा तिब्रता दिईनेछ ।
- ❖ गुणस्तरीय पुन निर्माणको लागि आवश्यक सिपयुक्त जनशक्ति निर्माण गरी कार्यक्रम सञ्चालन गरिने छ । पुननिर्माण र नवनिर्माण कार्यलाई तिब्रता दिन स्थानिय तहमा आवश्यक प्राविधिकहरु परिचालन गरिने छ ।
- ❖ सार्वजनिक सेवा प्रवाह सँग सम्बन्धित निकायका भवन (जस्तै नगरपालिका भवन) लैंगिक तथा अपाङ्ग मैत्री बनाईने छ ।
- ❖ बन ,जलाधार,जैविक विविधताको संरक्षण र व्यवस्थापनका कार्यक्रमहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- ❖ उपभोगको आधारमा भूमिको वैज्ञानिक वर्गिकरण गरी जुन प्रयोजनको लागि उपयुक्त हुन्छ सोही प्रयोजनको लागि मात्र प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ ।
- ❖ नगरको बृहत्तर हित र विकासका लागि नगर विकास गुरुयोजना तयार गरी नगर सुशासनमा जोड दिने ।
- ❖ रोजगारी र स्वरोजगारीको लागि प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिईने छ ।
- ❖ अब्बल ,काबिल, इमान्दार,मेधानी र लगनशिल छात्र,छात्राहरुको लागि उचित पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिने छ ।
- ❖ सरकारी स्कूल कलेजमा अध्यापन गर्न लापरवाही गर्ने,अटेर गर्ने शिक्षक शिक्षकालाई कानुनको दायरामा ल्याईने छ । साथै राम्रो अध्ययन अध्यापन गर्ने शिक्षक शिक्षिकालाई प्रोत्साहन ,पुरस्कार र उचित अवसरको वातावरण निर्माण गरिने छ ।

- ❖ नगरपालिकाको सबै वडाहरुमा ग्रामिण सडक संजालले जोडी ति सडकहरुको स्तरोन्नती गरिने छ । साथै स्थानिय आवश्यकता र औचित्यताका आधारमा सडकको कालोपत्रे (पिच) गर्दै लगिने छ ।
- ❖ सबै वर्ग ,क्षेत्र र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय सेवामा समतामूलक पहुँच बढाइने छ ।
- ❖ नवजात शिशु, मातृ मृत्युदर ,शिशु मृत्युदर बालमृत्युदर घटाउने र औषत आयू बढाउने खालका कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- ❖ सुनौला हजार दिन भन्ने जनजागरण कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
- ❖ सबै नगरबासीलाई आधारभूत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराईने छ ।
- ❖ ढल तथा फोहोरमैला व्यवस्थापनको कार्यलाई उच्च प्राथमिकता दिईने छ ।
- ❖ पानिको स्रोतहरु पहिचान गरी ति स्रोतहरुको दिगो संरक्षणमा जोड दिइने छ ।
- ❖ नगरपालिकाको सर्वाङ्गीण विकासका आधार स्तम्भका रुपमा रहेका युवालाई तिनिहरुको प्रचुर क्षमता विकास गर्दै खेलकुद ,शिक्षा ,स्वास्थ्य ,उघमशिलता,योगाम्यास एवं सामाजिक कृयाकलापमा लगाईने छ ।
- ❖ खेलाडीहरुको मनोबल बढाउँदै खेलकूद प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।
- ❖ नविकरणीय उर्जाको विकास गरिनेछ ।
- ❖ सडक जाम व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन प्रभावकारी कदम चालिने छ ।
- ❖ स्वतन्त्र , सक्षम , स्वच्छ र निष्पक्ष एवं प्रभावकारी न्यायप्रणाली मार्फत सबैका लागि न्याय भन्ने मान्यतालाई आत्मसात गरिने छ ।
- ❖ कानून,नीति र विधिको शासनलाई संस्थागत गर्दै विधिसम्मत न्यायसम्पादन गरिने छ ।
- ❖ सबैको लागि न्यायको सुनिश्चित गर्न न्यायमा सबैको समान पहूँच कायम गरिने छ ।
- ❖ नागरिक स्वतन्त्रता, विधिको शासन र मानव अधिकारको संरक्षण मार्फत शान्त र सुरक्षित नगरपालिका निर्माण गरिने छ ।
- ❖ नगरपालिकामा विधुतिय शासन (E-governance) लाई संस्थागत गरिदै लगिने छ ।
- ❖ अन्याय,अत्याचार,दुराचार र प्रतिशोधको शिकार भएका नागरिकको संरक्षण र मानवोचित जीवनयापनमा सहज बनाउन मनो सामाजिक विमर्श केन्द्र (Psyco Socio Counseling Centre) स्थापना गर्न पहल गरिने छ ।
- ❖ सामाजिक सुरक्षा भत्तालाई जनताको घरदैलोमा पुऱ्याउने र आगामी दिनमा बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी दिने प्रणालीलाई आत्मसात गरिने छ ।
- ❖ सेवा प्रवाहलाई सरल,सहज, व्यवस्थीत र अनुशासित बनाउन कर्मचारीको क्षमता विकासमा जोड दिईने छ । जसमा कम्प्यूटर तालिम लगायतका कुरामा जोड दिईने छ ।

- ❖ राम्रो,असल,प्रभावकारी,जनमुखी र व्यवस्थीत तरिकाले सेवा प्रवाह गर्ने नगर कार्यपालिकाका र अन्तर्गतका कर्मचारीलाई उचित पुरस्कार साथै सम्मान पत्र प्रदान गरिने छ ।
- ❖ जनताका वास्तविक आवश्यकता,पिर,मर्का,गुनासा र चाहनालाई सम्बोधन गर्न सक्ने सक्षम ,सुदृढ, सेवामुलक र नागरिक मैत्री कर्मचारी प्रशासनको प्रत्याभूति गरिने छ ।
- ❖ रहरले काम गरौं हाँसेर सेवा गरौँ भन्ने मान्यतालाई व्यवहारमा लागु गरिने छ ।
- ❖ मुस्कान सहितको सेवालाई संस्थागत गरिने छ ।

# नीति तथा कार्यक्रम

१. मध्यनेपाल नगरपालिकालाई धार्मिक पर्यटकिय स्थल बनाउने । ईशानेश्वर , नागभैरव,मालिका,जल्पा देवी ,चक्रवर्ती देवी तथा अन्य धार्मिक क्षेत्रको पहिचान सम्बर्धन र संरक्षण गर्ने र पूर्वाधार निर्णय गर्ने ।
२. मिदिम ,मादी, रिस्ती र पिस्ती खोलाको नदी कटान रोकथाम गरी नदी किनारमा कृषि उत्पादन र मत्स्यपालन गरिने छ ।
३. भोर्लेटार ,करापुटार ,दुईपिप्ले ,सोतीपसललाई भवन संहिता पुरा गरी औधोगिक ,धार्मिक तथा आधुनिक शहर निर्माण गर्ने कुरामा लगिने छ ।
४. प्रत्येक वडा र गाउँका सडकहरु स्तरोन्नती गरी आगामी वर्ष भित्र नगर बस सञ्चालन गर्ने ।
५. भोर्लेटार, रामबजार,स्याउली बजार, करापुको पतेरी हुदैं मिदिम खोलामा पक्की पुलको निर्माण गरी वडा नं १० वरदान,बाँग्रबेशी हुदैं भोर्लेटार सम्म रिङ्ग रोड बनाउने ।
६. भोर्लेटारमा १५ सैयाको अस्पताल निर्माण गर्ने ।
७.राष्ट्रिय स्तरको रंगशाला निर्माण रम्घाको दुईपिप्लेमा गर्ने ।
८.प्याराग्लाइडिङ्ग सम्बन्धमा

- ❖ स्थान चयन गरी प्याराग्लाइडिङ्ग तथा र्‍याफटिङ्ग सञ्चालन स्वामीभञ्ज्याङ्ग र रम्घामा गर्ने ।

९. अल्पसंख्यक तथा जनजाती सम्बन्धमा

- ❖ दुरा जातीको उत्थानका निम्ती देव बहादुर दुरा स्मृति संग्राहलय नेटाको हाँडी खोला बरदानमा निर्माण गरी दुरा जातीको उत्थान गर्ने ।
- ❖ बोटे ,कुमाल जातीको आर्थिक ,सामाजिक जीवनस्तर उच्च बनाउने ।
- ❖ गुरुङ जातीको विकासको लागि डडुवा दुर्छालाई गुरुङ जातीको पहिचान भएको नमूना गाउँका रुपमा विकास गर्ने र होमस्टेका रुपमा अगाडी बढाउने ।
- ❖ रम्घा र स्वामीभञ्ज्याङ्गमा रहेका मगर समुदायको विकास गर्न आर्थिक समृद्धी गराउने खालका योजना ल्याउने ।

१०  नगरपालिका भित्र एउटा पूर्ण प्राविधिक शिक्षालय स्थापना गराउने ।
११. भोर्लेटारमा बस स्टेसन निर्माण गर्ने ।

१२.जिताकोट,बाँग्रे,स्वामीभञ्ज्याङ्ग,सूर्यपाल,टक्सार,धोद्रे,काउरे,भोर्ले,लामासोती,नेटा,डढुवा,चिसंकु,करापुआदी मा बस्ती विकास गरी गाँउमा बस्ने वातावरण सिर्जना गर्ने ।

१३. फोहोर मैलाको उचित प्रबन्ध गर्ने ।

१४. दमकल ,डोजर,एम्बुलेन्स,शव वाहन सञ्चालन गर्ने ।

१५. धार्मिक आस्थाका आधारमा सबै धार्मीक स्थलको संरक्षण गर्ने ।

१६. पार्क निर्माण गर्ने ।

१७. छोरी र बुहारी लाई पढाउनका निम्ती मध्यनेपालमा रहेका क्याम्पस लाई उचित शैक्षिक वातावरण सिर्जना गर्ने ।

१८. दलितहरुको समस्या,पहिचान र आर्थिक समृद्धिका लागि एउटा समिति बनाई कार्य गर्ने ।

१९. युवाहरुलाई विकास सित जोड्न सिप सिकाई रोजगार दिने खालका योजनाहरु ल्याउने ।

२०. मादी, मिदिममा मत्स्यपालन गरी मध्यनेपाल लाई माछा केन्द्रको रुपमा विकास गर्ने ।

२१. आधुनिक कृषिलाई जोड दिने ।

२२. मिदिम र मादीमा हाइड्रोपावर निर्माण गर्नका लागि वातावरण निर्माण गर्ने ।

२३. लोक मार्ग,चेलीवेटी मार्गलाई निरन्तरता दिने ।

२४. ईशानेश्वर अर्थात रामबजारलाई संस्कृतिक शहरको रुपमा अगाडी बढाउने ।

२५. एक घर एक धाराको निर्माण गर्ने ।

२६. स्वास्थ्यको समान पहुँचका निम्ती स्वास्थ्य केन्द्र नभएका गाउमा स्वास्थ्य केन्द्र निर्माण गर्ने ।

२७. वातावरणका निम्ती वृक्षरोपण गर्ने ।

२८. सोलार बत्ती निर्माण गरी उज्यालो शहर बनाउने ।

२९. सुधारिएको चुलो निर्माण गर्ने ।

३०. एक घर एक आमा रोजगार गर्नका निम्ती सबै आमा समूहको प्रतिनिधित्व हुने गरी कार्यमा लाग्ने (एउटा समिति बनाउने)

३१. एक घर एक रुख भन्ने नारा सहित नगरलाई हरियाली निर्माण गर्ने, एउटा रुख रोपेको प्रतिवद्दता पछि मात्र नक्सा पास गर्ने ।

३२. एक गाउँ एक उत्पादन भन्ने नाराका साथ नगरपालिकालाई उद्योग केन्द्र बनाउने एउटा औद्यौगिक ग्राम निर्माण गर्ने ।

३३. गाँउमा व्यवस्थित घर निर्माण गरी बस्ने वातावरण निर्माण गर्ने ।

३४. विपद व्यवस्थापन गर्ने ।

३५. बृद्द आश्राम निर्माण तथा एउटा गौसला निर्माण गर्ने ।

३६. प्रत्येक ६/६ महिनामा जेष्ठ नागरिक लाई घर - घरमा गई स्वास्थ्य परिक्षण गराउने ।

३७. प्रत्येक स्कूलमा प्राविधिक शिक्षा अनिवार्य गराउने।

३८. गरिबी ,अपाङ्गहरुको संरक्षण गर्ने ।

३९. आयुर्वेद औषाधालय निर्माण गर्ने ।

४०. जिताकोटमा एउटा पार्क बनाउने ।

४१. सोतीपसललाई संरक्षण गरी भौतिक पूर्वाधार निर्माण गर्ने ।
४२. एफ.एम रेडियो सञ्चालन गर्ने ।
४३. नगर प्रहरी संचालन गर्ने ।
४४. विपद परेका बेला सुरक्षित रहन एउटा सार्वजनिक भवन निर्माण गर्ने ।
४५. जनउत्तरदायी ,भ्रष्ट्रचार मुक्त स्थानीय प्रशासनलाई संस्थागत गर्ने ।
४६. युवा , किसान, महिला कलब निर्माण
४७. नगरपालिकाको कार्यालय यथासक्य चाँडो सञ्चालन गर्ने ।
४८. सिञ्चाईको उचित व्यवस्थापन गरी कृषि विकास कार्यलाई जोड दिने ।
४९. दुईपिप्ले टावर,करापुको टावर, जिता नागभैरवमा टावर निर्माण गर्ने - मालीकामा टावर निर्माण गर्ने
५०. नदीहरुमा झोलुङ्गे पुल निर्माण गर्ने ।
५१. गाउँ - गाउँमा सहकारी घर - घरमा रोजगारी (कृषि सहकारी) मा जोड दिने ।
५२. दुग्घ उत्पादन केन्द्र खोल्ने
५३. प्रत्येक स्कूलमा अपाङ्ग विद्यार्थीलाई नि : शुल्क पढाउने व्यवस्था गर्ने ।
५४.श्यमसान घाटको व्यवस्थापन गर्ने ।
५५. कृषिलाई आधुनिकीरण,यन्त्रीककरण गर्ने ।
५६. ठाउँ हेरेर नगरपालिकामा कृषि केन्द्र खोल्ने ।
५७. विधुतको समस्या समाधानको लागि फलामे पोल सबै ठाँउमा उपलब्ध गराउने ।

५८. इन्टरनेट सुविधाको विकास गर्ने (प्रत्येक वडा कार्यालयमा)
५९. नश्ल सुधार सहितको व्यवसायिक पशुपालन कार्यक्रम सञ्चालन गर्ने ।
६०. बाल उद्यान निर्माण गर्ने ।
६१. शान्त,सुन्दर र मनोरम स्थानमा पिकनिक स्पोर्ट निर्माण गर्ने ।
६२. प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने ।
६३. खहरे,चर्दी ,सोतीपसल गोलाडी जोड्ने पक्की पूल निर्माण गर्ने ।
६४. भोर्लेटार पाखुरीचोक - धोद्रे,भोर्ले बेशी लामासोती हुदैं धुलपुर बजार सम्म रिङ्ग रोड निर्माण गर्ने ।
६५. रम्घा घासी कुवा (भानु र घासी) को वार्ता स्थललाई साहित्य पार्कको रुपमा विकास गरी रिस्तीमा मनोरम ताल निर्माण गर्ने ।
६६ बाँग्रेको देउराली देखी छत्रे ढुङ्गा सम्मको डाँडामा (खाली) वृक्षारोपण सहित पार्क निर्माण गर्ने ।
६७. वडा नं ९ को भदौरेमा रहेको दुरा जातीको बसोबास लाई नमुना ग्राम बनाउने ।

प्रस्तुत कर्ता

रमेश कुमार पाण्डे
नगर प्रमुख
मध्यनेपाल नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार लमजुङ
प्रदेश नं ४,नेपाल